का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ साउन २०८२
बिहीबार
14 August 2025
Thursday
मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नं

वर्ष २३, अंक १९३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# नेपालीलाई तर्साउँदै जापनिज इन्सेफ्लाइटिस

## जोखिममा बालबालिका
## १० दिनमा २० जनामा संक्रमण



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २८ साउन

नेपालमा जापनिज इन्सेफलाइटिस (जेई)को संक्रमण फैलिन थालेको छ। क्युलेक्स नामक लामखुट्टेका माध्यमबाट सर्ने यो रोगका कारण सन् २०२५ को हालसम्ममा तीन जनाको मृत्यु भएको छ। यससँगै ३३ जनामा जेईको संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सूचना अधिकारी एवं वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक डा. भक्तबहादुर केसीले जानकारी दिएका छन्। विगत १० दिनमा मात्रै २० जनामा संक्रमण पुष्टि भएको उनको भनाइ छ।

उनका अनुसार हाल १८ जिल्लामा यो रोगको संक्रमण फैलिएको छ। यसमध्ये बर्दिया, कावासोती, रत्ननगर, ठोरी, हरिवन, लाहान, भद्रपुर, उल्लाबारी र गौरीगन्जमा बढी संक्रमित भएका छन्। पृष्ठ २ मा



यो रोग कडा रूपमा निस्क्यो भने ३० प्रतिशत मान्छेको मृत्यु हुन्छ। बाँचेका ७ जनामा पनि ५० प्रतिशतमा स्थायी रूपमा असर रहन्छ।

● **डा. शेरबहादुर पुन**
सरुवा रोग विशेषज्ञ

# झोक्किए प्रधानमन्त्री



संसदमा सरकारले गरेका कामको फेहरिस्त सुनाएका प्रधानमन्त्री केपी शर्मा ओली प्रतिपक्षी दलहरूप्रति गरम सुनिए। उच्च पदस्थ कर्मचारीहरूसँगको भेटमा भने उनी 'सरकारको स्पिरिटअनुसार परिणाम आउन नसकेको' भनेर कर्मचारी संयन्त्रलाई नै झपार्ने गरी प्रस्तुत भए।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २८ साउन

सरकार गठन भएको १३ महिना बिते पनि सत्ता सहकार्यको जगअनुसार काम गर्न नसकेको सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले उच्च पदस्थ कर्मचारीहरूसँग झोक्किएका छन्। प्रधानमन्त्री ओलीले देशमा परिवर्तन हुनेगरी गम्भीरताका साथ काम गर्न निर्देशन दिँदै कर्मचारी संयन्त्रको कामप्रति असन्तुष्टि पोखेका हुन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा उनले आधुनिक, पृष्ठ २ मा

# सरकारको नाममा फर्कियो ८ सय रोपनी जग्गा

## व्यक्तिको नाममा लैजाने १३ जना भ्रष्टाचारी ठहर

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २८ साउन

झापाको दमकस्थित सरकारी जग्गा कब्जा प्रकरणमा अदालतबाट १३ जना दोषी ठहर भएका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारी जग्गा व्यक्तिको नाममा लगेर भ्रष्टाचार गरेको भन्दै विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यद्वय मुरारीबाबु श्रेष्ठ र रितेन्द्र थापाको इजलासले १३ जना दोषी ठहर गरेको हो। उनीहरूलाई भ्रष्टाचारी ठहर गर्दै सोहीबमोजिम सजाय सुनाएको छ।

अदालतमा यस विषयसँग सम्बन्धित दुईवटा मुद्दा थिए। दुवै मुद्दामा १३ जना कर्मचारीलाई दोषी ठहर गरेको हो।

> सरकारी जग्गा व्यक्तिको नाममा लगेर भ्रष्टाचार गरेको ठहर भएको छ। सार्वजनिक जग्गा स्ववासीसम्बन्धी कानुनी प्रक्रियाबाट व्यक्तिको नाममा लगिएको र भ्रष्टाचार गरिएको अदालतको फैसलामा उल्लेख छ।

दोषी ठहर भएकाहरूमा नापी कार्यालय झापाका तत्कालीन प्रमुख नापी अधिकृत शशिकान्त झा, सर्वेक्षक सीताराम यादव, सर्वेक्षक विन्देश्वर पञ्जियार र नापी अधिकृत रामदेव मण्डल धानुक रहेका छन्। यसका अलावा अदालतले सर्वेक्षक विष्णुदेव यादव, अमिन ललितकुमार मण्डल, नायब सुब्बा रुद्रप्रसाद श्रेष्ठ, सर्वेक्षक रामकुमार दास र सर्वेक्षक गणेशकुमार धिमालको प्रत्यक्ष संलग्नता देखाएको छ।

यही विषयसँग सम्बन्धित अर्को मुद्दामा सीताराम यादव, विन्देश्वर पञ्जियार, जगदीशप्रसाद यादव, गणेशकुमार धिमाल, रुद्रप्रसाद श्रेष्ठ र रामदेव मण्डल धानुक दोषी ठहर भएका छन्। पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# प्रगतिशील मञ्चद्वारा मलेसिया सिन्डिकेटको खतराबारे सरकारको ध्यानाकर्षण



**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ साउन

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले मलेसियासँगको द्विपक्षीय श्रम सम्झौतामा कामदारको हित हुने भन्दै अलमलमा पारेर सिन्डिकेट लगाउने खतरा रहेकाले सचेत हुन नेपाल सरकारको ध्यानाकर्षण गराएको छ।

मञ्चले उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करलाई छुट्टाछुट्टै ज्ञापनपत्र बुझाउँदै उक्त ध्यानाकर्षण गराएको हो।

नेपाली श्रमिकहरूको आकर्षक गन्तव्य मुलुक मलेसियाको भर्ना प्रक्रियामा एकाधिकार गर्ने प्रयासको विषय सार्वजनिक भएको भन्दै मञ्चले त्यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपबाट नै प्रतिवाद गरिनुपर्ने बताएको छ। यस विषयमा प्रधानमन्त्री, परराष्ट्र मन्त्रालयका सचिव, विभिन्न राजनीतिक दलका सचेतक, अन्तर्राष्ट्रिय श्रमिक संगठनहरूलगायतसँग छलफल गर्ने भन्दै मञ्चले निकट भविष्यमै एक प्रतिनिधिमण्डल मलेसिया पठाई यस विषयलाई राष्ट्रिय तथा पृष्ठ २ मा

# वैदेशिक रोजगारीमा पठाउने भन्दै झन्डै सवा ४ करोड ठग्ने पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा पठाउने भन्दै झण्डै सवा ४ करोड रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। प्रहरीले बझाङको बुंगल नगरपालिका-६ का त्रिलोक सिंहलाई चार करोड १७ लाख ९३ हजार २८० रुपैयाँ ठगी गरेको आरोपमा पक्राउ गरेको हो।

काठमाडौंको बुढानिलकण्ठ बस्दै आएका उनले एनएएन मेरिटाएम ट्रेनिङ एन्ड एजेन्सी प्रालि सञ्चालन गरेर ठगी गरेको प्रारम्भिक अनुसन्धानमा देखिएको प्रहरीले बताएको छ। उनलाई कारबाहीका लागि वैदेशिक रोजगार विभागमा पठाइएको प्रहरीले जनाएको छ।

**पार्टनर आवश्यकता**

मेनपावर कम्पनीको लागि Middle East मा कम्तिमा पनि विगत ३ वर्ष देखि बजारीकरणको अनुभव भएको पार्टनर आवश्यकता भएको हुँदा दक्ष व्यक्तिले सम्पर्क गर्नुहोला।

**D.N. Manpower Pvt. Ltd.**
Licence No. 1184/073/074
Tokha - 05, Basundhara, Kathmandu
Tel:- 01-4964311, 4986411, 9851067720
Email : dnmanpower@gmail.com

**पार्टनर आवश्यकता**

यस सेक्यूरीटी सर्भिस कम्पनीको लागि नेपालभरी कम्तिमा ३ वर्ष देखि बजारीकरणको काम गरिरहेको अनुभवी पार्टनरको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिले सम्पर्क गर्नुहोला।

**D.N. Security Service Pvt. Ltd.**
Tokha - 05, Basundhara, Kathmandu,
Tel:- 01 - 4988014, 4955580, 9851001923
Email : dnservice66@@gmail.com

**एसओएस मेनपावर सर्भिस प्रा.लि.को प्रेस विज्ञप्ति**

काठमाडौंबाट सञ्चालित एक अनलाइन पत्रिकाले मिति २०८२/४/२५ गते यस प्रा.लि.का सञ्चालकको नामसमेत जोडेर प्रसारण गरेको समाचारसहितको भिडियो सामग्रीप्रति यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ।

अनलाइनमा प्रसारित '**मलेसियाको सिन्डिकेट लादन खड्का, गुरुङ, राईसँगै गैर मेनपावर फेरि सक्रिय**' भन्ने शीर्षक राखेर विभिन्न व्यक्ति र संघसँग प्रा.लि.का सञ्चालकको नाम उल्लेख गरी सिन्डिकेट र एकाधिकार लगाउन सक्रिय भनी बिनाआधार, प्रमाण प्रसारित समाचार असत्य, भ्रामक र प्रा.लि.का सञ्चालकको चरित्र हत्या गर्ने नियोजित तवरबाट भएको देखिन्छ। एसओएस मेनपावर सर्भिस प्रा.लि. स्थापनाकालदेखि नै व्यावसायिक प्रतिस्पर्धामा विश्वास राख्दै सम्पूर्ण व्यवसायीको हक हितका लागि विभिन्न कालखण्डमा संघर्ष गरी आएको इतिहास साक्षी छ। प्रा.लि.का सञ्चालकको समाचारमा उल्लेख भएका कुनैपनि व्यक्तिसँग मलेसियासम्बन्धी कुनै भेटघाट र कुराकानीसम्म भएको छैन। प्रा.लि. आफू र अन्य कसैसँग सिन्डिकेट र एकाधिकारमा संलग्न नरहेको र विगतदेखि हालसम्म इजाजत प्राप्त सम्पूर्ण व्यवसायीले समान अवसर पाउनुपर्छ भन्दै व्यवसायसम्बन्धी कुनै पनि सिन्डिकेटको कडा रूपमा विरोध गर्दै आएको तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई सिन्डिकेट विरोधी आन्दोलनको पूर्ण समर्थनका साथै सिन्डिकेटविरुद्ध प्रतिबद्धता पत्र दिएको अवगत गराउँदै यस प्रा.लि. र सञ्चालक सिन्डिकेटमा संलग्न भएको प्रमाणित भए जस्तोसुकै सजाय भोग्न र व्यवसायबाटै अलग हुने प्रतिबद्धता व्यक्त गर्दै उक्त गलत र भ्रामक एवं कपोलकल्पित समाचारको यसै विज्ञप्तिमार्फत खण्डन गर्दछु। प्रा.लि. र सञ्चालकप्रति उल्लेखित लान्छनायुक्त समाचारको भ्रममा नपर्न सम्पूर्ण शुभेच्छुक र सर्वसाधारणमा हार्दिक अपिलसमेत गर्दछु।

**हेम बहादुर गुरुङ**
(अध्यक्ष)

**SOS MANPOWER SERVICE PVT.LTD.**
Dhapasi, Kathmandu, Near Hotel Shahenshaha.
Email: info@sosgroup.com.np, www.sosgroup.com.np
Gov.Lic.No: 80/052/053 Tel: (Hotline) : +977-1-4965986/87, Whats App: 9802368332

**प्रेस विज्ञप्ति**

मलेसियाको रोजगारीमा सिण्डिकेटको प्रयासप्रति **नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**को गम्भीर ध्यानाकर्षण भएको छ। लामो समयदेखि बन्द रहेको मलेसियाको रोजगारी खुला हुने तयारी रहेको अवस्थामा केही नेपाली तथा केही विदेशी गिरोहहरूसमेतको मिलेमतोमा मलेसिया सरकारलाई समेत गलत तरिकाले प्रभावमा पारी विभिन्न सिस्टमका नाममा नेपाली श्रमिकहरुलाई थप आर्थिक भार हुने र मलेसियाको रोजगारीको अवसरलाई केही सीमित व्यक्तिहरूले नियन्त्रणमा लैजान खोज्नु सर्वदा अनुचित र असम्भव प्रयास हो। नेपालको संविधान तथा ऐन कानूनले कुनै पनि सेवा वा व्यवसायमा एकाधिकार (सिण्डिकेट)लाई पूर्णतः निषेध गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले समेत विगतमा दुई-दुई पटक प्रेस विज्ञप्ति जारी गरेर निश्चित व्यवसायीहरूलाई फाइदा पुऱ्याउने सिण्डिकेटको पक्षमा मन्त्रालय नरहेको प्रष्ट पारिसकेको छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघको वर्तमान कार्यसमिति मलेसियालगायत जुनसुकै श्रम गन्तव्य मुलुकको रोजगारीमा एकाधिकार (सिन्डिकेट) खडा गर्ने प्रवृत्तिका विरूद्ध शसक्त प्रतिवाद गरी त्यस प्रकारका व्यक्ति वा समूहलाई परास्त गर्ने संस्थागत रूपमा निर्णय गरिसकेको अवस्था छ। यस्तो अवस्थामा श्रम गन्तव्य मुलुकको रोजगारीमा एकाधिकार (सिन्डिकेट) खडा गर्ने प्रयास पूर्णरूपमा असफल हुने निश्चित रहेको छ। तसर्थ, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, संघमा आबद्ध सबै सदस्य व्यवसायीज्यूहरूलाई कुनै पनि प्रकारले सिण्डिकेटमा सहभागी नहुन र गिरोह खडा गरी प्रत्यक्ष वा अप्रत्यक्षरूपमा लगानी नलगाउनसमेत हार्दिक आग्रहका साथ सचेत गराउन चाहन्छ। आम व्यवसायी तथा श्रमिकको हित विपरीतका प्रयासहरु विफल बनाउन कुनै पनि कसर बाँकी नराख्ने प्रतिबद्धतासमेत आम व्यवसायीहरुमाझ राख्न चाहन्छौं। संघको यो आग्रहमा र सदासयता विपरीत श्रम गन्तव्य मुलुकको रोजगारीमा एकाधिकार (सिन्डिकेट) खडा गर्ने काममा संलग्न भएमा संघको विधानअनुसार कारबाहीको प्रक्रिया अघि बढाउने पनि यसै विज्ञप्तिमार्फत जानकारी गराउँदछौं। सिण्डिकेटविरुद्धको लडाइँमा संघ सदैव दृढ रहेकोले सम्पूर्ण व्यवसायीहरूलाई सतर्क रहन, कुनै शंकास्पद गतिविधिमा संलग्न नहुन र कुनै जानकारी प्राप्त भएमा तुरुन्तै संघलाई जानकारी गराउन समेत आह्वान गर्दछौं।

**भुवन सिंह गुरुङ**
अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ परिवार**
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८

मध्यान्ह
www.madhyanhadaily.com
२९ साउन २०८२ बिहीबार
14 August 2025 Thursday

# देशभर २८ हजार बढी कैदीबन्दी

## सातै प्रदेशमा नमुना कारागार बनाउन निर्देशन

**काठमाडौं/मस**-नेपालमा ७२ वटा जिल्लामा ७५ कारागारहरु रहेका छन् । जसमध्ये भक्तपुर, धनुषा, बारा, पूर्वी नवलपरासी र पूर्वी रुकुममा कारागार छैनन् । गृहमन्त्री रमेश लेखकअनुसार काठमाडौं, दाङ र बाँकेमा एउटै जिल्लामा दुई वटा कारागार छन् । बुधबारको कानून, न्याय तथा मानव अधिकार समितिको बैठकमा बोल्दै गृहमन्त्री लेखकले कारागार व्यवस्थापनका निमित्त केही नीतिगत र कानूनी व्यवस्था रहेको बताए ।



**नेपालमा बन्दीहरुको संख्या**

देशभर अहिले २८ हजार ७ सय १८ जना बन्दी कैदीहरु रहेका छन् । यो तथ्यांक २०८२ को असार मसान्तसम्मको हो । गृहमन्त्री लेखकका अनुसार थुनुवा पुरुषतर्फ ९ हजार ८ सय ३९, महिला थुनुवा ५ सय ९६ गरी कुल १० हजार ४ सय ३५ जना रहेका छन् । कैदीहरुमा पुरुषतर्फ १७ हजार ३ सय २९ जना र महिलातर्फ ९ सय ५४ जना गरी कुल १८ हजार २ सय ८३ जना रहेका छन् । थुनुवा र कैदी गरेर पुरुषतर्फ जम्मा २७ हजार १ सय ६८ र महिलातर्फ १ हजार ५ सय ५० गरी २८ हजार ७ सय १८ जना रहेका छन् ।

**६०१ जना ज्येष्ठ नागरिक कैदीबन्दी**

गृहमन्त्री लेखकले ६५ वर्ष माथिका ६०१ जना कैदीबन्दी रहेको बताए । उनका अनुसार आश्रित बालबालिकाको संख्या ६४ जना रहेका छन् । कुनै मानिस थुनुवा वा कैदीका रुपमा आमा रहेको छ भने आमासँगै बस्नुपर्ने बालबालिकालाई पनि आमाको सामिप्यताको लागि राख्ने गरिन्छ ।

**नेपालमा विदेशी बन्दीको संख्या १ हजार ४ सय २७**

नेपालमा कुल विदेशी बन्दीहरुको संख्या १ हजार ४ सय २७ रहेको गृहमन्त्री लेखकले बताउनु भयो । यो संख्या नेपालमा रहेका २८ हजार ७ सय १८ जना बन्दी कैदीहरुमध्ये हो ।

**मुद्दागत कैदीबन्दीहरुको अवस्था**

नेपालमा मुद्दाको हिसावले हेर्दा जबरजस्तीकरणतर्फ २५.५४ प्रतिशत, लागुऔषधतर्फ २४.३७ प्रतिशत, कर्तव्य ज्यान मुद्दाको १६.१२ प्रतिशत, सवारी ज्यान तथा सवारी अंगभंगको ४.१६ प्रतिशत, चोरीको ३.८२ प्रतिशत मुद्दाका कैदीबन्दीहरु रहेका छन् ।

**कारागारको भौतिक अवस्था**

कारागारको कुल क्षमता पुरुषतर्फ देशभरमा ७५ वटा कारागारको कुल क्षमता १६ हजार ६ सय २५ रहेको गृहमन्त्री लेखकले बताए । जम्मा क्षमता १६ हजार ६ सय २५ रहेकोमा पुरुष बन्दीतर्फ २७ हजार १ सय ६८ जना रहेका छन् । देशभरमा रहेका कारागारको कुल क्षमता भन्दा बन्दीको संख्या ६७ प्रतिशत बढी रहेको बताए ।

महिलातर्फ देशभर सञ्चालनमा रहेका ५० वटा कारागारको क्षमता २ हजार ५ सय १ रहेको छ भने महिला बन्दीको संख्या १ हजार ५ सय ५० जना रहेको छ । धनगढी कारागारमा पनि क्षमता करिव २ सय भएकोमा ७ सय जना बन्दीहरु रहेको गृहमन्त्री लेखकले बताए । आ.व. २०८०/०८१ मा थप गरिएको क्षमता १ हजार १ सय ६० जना रहेको छ । सर्लाही कारागारमा १ सय ६०, नौबस्ता कारागारमा १ हजार जना थप गरिएको उनले बताए । आव. ०८१–०८२ मा थप गरिएको क्षमता १ हजार ६ सय ३८ जना रहेको छ । नुवाकोट कारागारमा १ हजार ३ सय ७० जना, मोरङ कारागारमा २ सय ६८ जना थप गरिएको बताए ।

मुगु कारागारमा महिलातर्फ १६ जनाको क्षमताकासाथ निर्माण भइरहेको र बझाङ कारागारमा पुरुषतर्फ ७५ जना क्षमताका लागि निर्माण भइरहेको उनले बताए । हुम्लामा पुरुषमा ३० जना र महिलामा २० जना गरी ५० जनाका लागि निर्माण भइरहेको छ । पाँचथरमा पुरुषमा १ सय ४२ र महिलामा ५० जना गरी जम्मा १ सय ९२ जनाका लागि निर्माण भइरहेको उनले बताए । सुर्खेतमा कार्यालय तथा सुरक्षा गार्ड भवन बनाउने काम भइरहेको छ । नुवाकोट कारागार निर्माणको तेस्रो चरणमा प्रवेश गरेको उनले बताए ।

**क्षमता भन्दा सात गुणा बढी कैदीबन्दी**

रुकुमपश्चिमको कारागारमा क्षमता भन्दा सात गुणा बढी कैदीबन्दीहरु राखिएको छ । सल्यान ताप्लेजुङ, ओखलढुङ्गा र उदयपुरमा ६ गुणा बढी छन् भने सुर्खेत, बैतडी, कैलाली र गुल्मीमा पाँच गुणा बढी कैदीबन्दी रहेका छन् । धनकुटा, घोराही, दाङ, रोल्पा, गोरखा, काभ्रेपलाञ्चोक, सिरहा, सिन्धुलीमा चार गुणा बढी कैदीबन्दी रहेको उनले बताए । सल्यानमा चार गुणा बढी कैदीबन्दी राखिएको छ । गृहमन्त्री लेखकले सबै कारागारमा कारागार स्वास्थ्य चौकी रहेको बताए ।

संसदीय समितिले प्रत्येक प्रदेशमा कम्तिमा एउटा नमूना कारागार निर्माण गर्न सरकारलाई निर्देशन दिएको छ ।

बुधबारको कानून, न्याय तथा मानव अधिकार समितिको बैठकले सरकारलाई यस्तो निर्देशन दिएको हो । समितिको तर्फबाट समिति सभापति विमला सुवेदीले कारागार कार्यालय कैलालीको परिसरभित्र २०८२ साल साउन २३ गते भएको घटनाको निष्पक्ष छानविन गरी दोषीउपर कानूनी कारबाही गर्न र पीडितलाई नियमानुसार क्षतिपूर्ति उपलब्ध हुने आवश्यक प्रवन्ध गर्न सरकारलाई निर्देशन दिइन् ।

उनले देशका विभिन्न जिल्लाहरुमा अवस्थित कारागारहरुमा समय समयमा हुने गरेका यस्ता झडप तथा कुटपिटका घटनाहरु दोहोरिन नदिन र कारागार प्रशासनलाई थप जिम्मेवार बनाउन पनि निर्देशन दिइन् ।

कैदीबन्दीहरुमध्येबाट नेतृत्व छनोट गरी कारागारभित्रको आन्तरिक व्यवस्थापनको जिम्मेवारी दिने प्रावधानको पुनरावलोकन गर्ने, अपराधको प्रकृति, बन्दीको संख्या र स्वभावअनुसार फरक फरक ब्लक र कारागारमा राख्ने प्रबन्ध गर्न निर्देशन दिइन् ।

कैदीबन्दीहरुलाई श्रम र उत्पादनमा जोड्ने जस्ता विषयहरु सहितको आवश्यक रणनीतिहरु तय गरी प्रभावकारी कार्यान्वयन गर्न, कारागार प्रशासनको सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित नीतिगत, कानूनी तथा संरचनागत प्रवन्धहरुमा समसामयिक सुधार गर्न, कारागारभित्र आवश्यक भौतिक संरचनाहरु थप निर्माण गर्न पनि निर्देशन दिइन् ।

क्षमता भदा बढी कैदीबन्दी राख्न नपर्ने अवस्था सुनिश्चित गर्न, कारागारहरुको सुरक्षा अवस्थालाई प्रविधिमैत्री सक्षम तथा सबल बनाउन र देशभरका कारागारहरुलाई मानवअधिकारमैत्री बनाउँदै उनले सुधार गृहको रुपमा विकास गर्न निर्देशन दिइन् ।

**२ हजार ७५ कैदीबन्दी प्यारोलमा छोडिए**

प्यारोलमा बन्दी छोड्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइएको गृहमन्त्री लेखकले बताए । हालसम्म २ हजार ७५ जनालाई प्यारोलमा राख्न सिफारिस गरिएको छ । गृहमन्त्रीकाअनुसार प्यारोल एउटा विशेष व्यवस्था हो । यसमा कारागारमै नबसीकन राज्य, प्रहरी प्रशासनको नियन्त्रणमा घरमा बस्ने र आवधिक रुपले तारिक जस्तो हाजिर दिने र म उपस्थित छु भन्ने स्थिति हुन्छ । प्यारोलले थोरै भएपनि संख्या घटेको छ । २ हजार ७५ पछिल्लो समय छुट्दा केही संख्या कम भएको बताए ।

**१ हजार ३ सय ७४ बालबालिका कैदीबन्दी**

नेपालमा भक्तपुर, मकवानपुर, विराटनगर, वीरगञ्ज, रुपन्देही, कास्की, बाँके र डोटीमा गरी ८ जिल्लामा ९ वटा बाल सुधार गृह रहेका छन् । २०८२ को असार मसान्तसम्म बालविजयीकर्ताको संख्या थुनुवामा बालक ५ सय ७३ छन् भने बालिका २१ जना रहेका छन् । ५ सय ९४ थुनुवा रहेका छन् ।

## एक वर्षमा काठमाडौंमा २७ सय आगलागीका घटना

**काठमाडौं/मस**-पछिल्लो एक वर्षको अवधिमा काठमाडौं जिल्लामा दुई हजार ७०० भन्दा बढी आगलागीका घटना भएका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौंमा गत आर्थिक वर्ष २०८१/८२ मा कुल दुई हजार ७२२ वटा आगलागीका घटना दर्ता भएका छन् ।

त्यसमध्ये सबैभन्दा बढी बिजुलीको पोल र ट्रान्सफर्मर तथा घररकोठा र मिटरबक्समा विद्युत् 'सट', भएर आगलागी भएका छन् । एक वर्षको अवधिमा बिजुलीका पोल र ट्रान्सफर्मर आगलागीका एक हजार ८७६ र घरमा ४०७ वटा आगलागी भएको काठमाडौं परिसरले जनाएको छ ।

यस्तै ग्यास चुहावट भएर ४५, वन जङ्गलमा ६८ र अन्य कारणबाट ३२६ वटा आगजनीको घटना भएको परिसरका वरिष्ठ प्रहरी उपरीक्षक विश्व अधिकारीले जानकारी दिए । आगलागीको जानकारी पाउनासाथ तत्काल अन्य निकायसँग समन्वय गरेर प्रतिकार्यमा प्रहरी जनशक्ति खटिइएको उनको भनाइ छ ।

**पाँच मिनेटभित्रै प्रहरी घटनास्थलमा**

'प्रहरी कन्ट्रोल रुम'मा अपराधसम्बन्धी सूचना प्राप्त हुने बित्तिकै परिसर मातहतका युनिटबाट सम्बन्धित स्थानमा परिचालित हुने व्यवस्था मिलाइएको प्रमुख अधिकारीले बताए । पछिल्लो एक वर्षमा ४२ प्रतिशत घटनामा प्रहरी पाँच मिनेटभन्दा कम समयमा सम्बन्धित स्थानमा पुगेको उनले जानकारी दिए ।

### चन्द्रनगर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

चन्द्रनगर, सर्लाही
मधेश प्रदेश, नेपाल

### पोखरी ठेक्का सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०४/२९ गते**

| सि. नं. | पो.ठे.नं | पोखरीको नाम (विवरण) | बार्षिक न्युनतम कबोल रकम मुल्य अभिवृद्धि कर सहित (रु.मा) | बोलपत्र दस्तुर (रु.मा) |
|---|---|---|---|---|
| १ | २/०८२/०८३ | गोपीवाला पोखरी चन्द्रनगर गा.पा वडा -६ | ९६,८७२।- | १०००।- |
| २ | ३/०८२/०८३ | मोहनपुर क पोखरी चन्द्रनगर गा.पा वडा-५ | २,५८,६३८।- | १०००।- |
| ३ | ४/०८२/०८३ | लकडीया गोसाइ पोखरी चन्द्रनगर गा.पा वडा-५ | १,०९,०९८।- | १०००।- |
| ४ | ५/०८२/०८३ | मोहनपुर ख पोखरी चन्द्रनगर गा.पा वडा-५ | ३,१६,९५०।- | १०००।- |
| ५ | ६/०८२/०८३ | पचासी पोखरी चन्द्रनगर गा.पा वडा-६ | ३,२९,१७५।- | १०००।- |
| ६ | ७/०८२/०८३ | मदसा वाला पोखरी चन्द्रनगर गा.पा वडा-४ | १,३६,८००।- | १०००।- |
| ७ | ८/०८२/०८३ | कठ्ठीखोला पोखरी चन्द्रनगर गा.पा वडा-६ | १,५६,७५०।- | १०००।- |
| ८ | ९/०८२/०८३ | मगल सहनीवाला पोखरीचन्द्रनगर गा.पा वडा -६ | ३,०७,८००।- | १०००।- |
| ९ | १०/०८२/०८३ | पकडवा दह चन्द्रनगर गा.पा वडा -७ | २३,५१३।- | १०००।- |
| १० | ११/०८२/०८३ | मोहनपुर ग पोखरी चन्द्रनगर गा.पा वडा-५ | १,३६,३७३।- | १०००।- |
| ११ | १२/०८२/०८३ | मरवा नाका पोखरी चन्द्रनगर गा.पा वडा -६ | २,३५,१२५।- | १०००।- |
| १२ | १३/०८२/०८३ | महुअवा पोखरी चन्द्रनगर गा.पा वडा -६ | १२,६०,२७०।- | ३०००।- |
| १३ | १४/०८२/०८३ | चर्तुजीदह तथा नरसिंहवाला पोखरी चन्द्रनगर गा.पा वडा -६ | ११,७५,६२५।- | ३०००।- |

**शर्तहरू:**

१. ठेक्काकोअवधि सम्झौता भएको मिति देखि ५(पाँच)बर्षको हुनेछ ।
२. बोलपत्र दाताले आफुले कबुल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।
३. ठेक्कामा लाग्ने नियमानुसारको मुल्य अभिवृद्धिकर बाहेक अग्रिम आयकर वा प्रचलित कानुन अनुसार लाग्ने अन्य करहरु ठेक्केदार स्वंयमले बेहोर्नु पर्ने छ ।
४. आफुले कबुल गरेको वार्षिक अंकको ५ वर्षको कुल अंकको ५(पाँच) प्रतिशत धरौटी नबिल बैंक लि. चन्द्रनगर स्थित चन्द्रनगर गाउँपालिकाको धरौटी खाता २२८०१०१७५०००१६ मा नगदी जम्मा गरि सोको अर्धकट्टी सक्कलै भौचर शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
५. जुन व्यक्ति वा फर्मको नामबाट खरिद गरेको हो, सोहि व्यक्ति वा फर्मको नामबाट मात्र बोलपत्र दर्ता गर्न सकिनेछ । अन्य फर्मको नामबाट दर्ता गराएको बोलापत्रलाई मान्यता दिइने छैन । साथै हुलाक सेवा, कुरियर आदि बाट पठाइएको बोलपत्र स्वीकार्य हुने छैन ।
६. शिलबन्दी खाममा कुन कार्यको लागि बोलपत्र दाखिला गरेको हो? स्पष्ट रुपले खुलाउनु पर्नेछ । साथै बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट रुपले खाम बाहिर उल्लेख गरेको हुनु पर्नेछ ।
७. यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्रफिर्ता नहुने गरि तोके बमोजिम रु.१०००।- (एक हजार) वा रु.३०००।-(तीन हजार) रकम नबिल बैंक लि. चन्द्रनगर शाखामा रहेको यस गाउँपालिकाको आन्तरिक राजश्व खाता नम्बर २२८०१०१७५०००३१ मा जम्मा गरि सोको सक्कली भौचर दाखिला गरि यस चन्द्रनगर गाउँ कार्यापालिकाको कार्यालय, चन्द्रनगर सर्लाहीबाट खरिद गरि ३१ औ दिन दिनको १२ बजे भित्र गाउँ कार्यपालिकाको कार्यलय चन्द्रनगर, सर्लाहीमा दर्ता गराउनु पर्नेछ । सोहि दिन दिनको २:०० बजे देखि बोलपत्र खोल्ने कार्य हुनेछ । बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्बजानिक बिदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।
८. फर्म नबिकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्बर वा मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्र साथै नागरिकता प्रमाण पत्र को प्रमाणित कागजात बोलपत्र साथै पेश गर्नु पर्ने छ । व्यक्तिको हकमा निजको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न गरि बोलपत्र पेश गर्न सक्ने छ ।
९. सबै किसिमको ठेक्कामा हालको कानुनी ब्यवस्थामा नेपाल सरकारबाट अन्य निर्णय भई आएमा सोहि बमोजिम हुनेछ ।
१०. यस गाउँपालिकाको तिर्नुपर्ने बाँकि रकम तथा जिन्सी सामानहरु तिर्नु पर्ने बाँकि बक्यौता देखिएमा त्यस्ता ब्यक्तिहरुको नामको ठेक्का स्वीकृत हुने छैन ।
११. पर्न आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यलयमा सुरक्षित हुनेछ ।
१२. बोलपत्र ठेक्का सम्बन्धि अन्य कुरा बुझ्नु परेमा कार्यलय समय भित्र यस कार्यलयमा सम्पर्क गरि बुझ्न सकिने छ ।
१३. ऐन तथा कानूनले निषेधित गरिएको तरिका अपनाई माछा मार्न पाईने छैन । माछा समात्नु पर्दा बंसी वा जालको प्रयोग गर्नु पर्ने छ । र माछा मार्दा स्थानीय मलाहहरुलाई प्राथमिकता दिनु पर्ने छ । माछा समात्नु पर्दा बिष तथा करेन्ट वा बाताबरणमा प्रतिकुल असर गर्ने अन्य कुनै तरिकाको प्रयोग गर्न पाइने छैन । जवरजस्ती विषादी औषधी प्रयोग गरेमा यसबाट हुने धनजनको क्षति ठेक्केदार स्वंयमले तिर्नु पर्नेछ ।
१४. बोलपत्र स्वीकृत भएको पत्र प्राप्त भएको १५(पन्ध्र)दिन भित्र (बाटोको म्याद बाहेक) बोलपत्र दाताले सम्झौता गर्न नआएमा वा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा निजले नियमानुसार धरौटी राखेको रकम जफत गरिने छ ।
१५. आफुले कबोल गरेको बार्षिक ठेक्का अंकको एकमुष्ट रकम यस कार्यालयकोआन्तरिक राजश्व खातामा दाखिला गर्नु पर्ने छ र बाँकी किस्ताको हकमा बैंक ग्यारेन्टी वा धन जमानी पेश गर्नु पर्ने छ,धन जमानी को हकमा गाँउपालिकाले गरेको मुल्याङ्कन वा नेपाल सरकारबाट मान्यता प्राप्त कन्स्लटेन्सीले पेश गरेको मुल्याङ्कनलाई आधार मानी मात्र सम्झौता भई चलन पट्टा दिईने र प्रत्येक आगामी आ.ब.को बार्षिक कबोल अंकको एकमुष्ट रकम प्रत्येक चालु आ.ब. को असार मसान्त भित्र नगदै दाखिला गर्नु पर्नेछ ।
१६. तोकिएको समयमा किस्ता रकम नबुझाएमा गाउँपालिकाले १५ दिन, ७ दिन,३दिन तथा २४ घण्टे पत्राचार गरी ताकेता गर्न सक्नेछ ।
१७. गाउँपालिकाबाट बेला बेलामा दिईएको नीति, निर्देशन पालना गर्नु सम्बन्धित ठेकेदारको कर्तब्य हुनेछ ।
१८. ठेक्का सम्बन्धि कार्यालय तथा ठेकेदार बीच कुनै बिबाद उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुने छ ।
१९. सुचनामा उल्लेख भएको हकमा यही सूचना बमोजिम र उल्लेख नभएको हकमा सार्बजानिक खरिद ऐन,२०६३, स्थानीय सरकार संचालन ऐन २०७४, तथा चन्द्रनगर गाउँ कार्यपालिकाबाट स्वीकृत नियमावाली वा कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ ।
२०. ठेक्का अवधि भरमा ठेक्केदारलाई कुनै प्रकारको क्षती भएमा गाउँपलिकाले कुनै किसिमको क्षतीपूर्ति दिईने छैन ।
२१. ठेक्केदारले पोखरीको भौतिक संरचना बिगार्ने,क्षती गर्ने तथा माछा मार्ने बेलामा अत्यधिक पानी निकाल्ने सुकाउने कार्य गर्न पाउने छैन ।
२२. हाल जुन अवस्थामा पोखरी ठेक्का दिएको छ सोही अवस्थामा ठेक्का समाप्त भए पछि ठेक्केदारले जलकम्भी तथा अन्य कुनै किसिमको झारपात भए सो समेत सफा गरी उक्त पोखरी गाउँपालिकालाई जिम्मा लगाउनु पर्ने छ ।
२३. सम्बन्धित पोखरीको पानी ठेक्केदार वा अन्य व्यक्तिले कुनै किसिमको सिंचाई वा अन्य प्रयोजनका निम्ति गाउँपालिकाको पुर्व स्वीकृती बिना प्रयोग वा बेचबिखन गर्न पाईने छैन ।

**प्रमुख प्रशासकीय अधिकृत**

## नेपालीलाई....

यसै रोगबाट गत वर्ष २५ जनाको ज्यान गएको मन्त्रालयको स्वास्थ्य सेवा विभागअन्तर्गतको परिवार कल्याण महाशाखाले जनाएको छ । गत वर्ष संक्रमितको संख्या भने ८६ जना रहेको महाशाखाले जनाएको हो । महाशाखाको तथ्यांकअनुसार नेपालमा सन् २०२३ मा १ सय ७ जनामा संक्रमण पुष्टि भएको थियो । जसमध्ये सात जनाको मृत्यु भएको थियो । सन् २०२२ मा भने ६६ जनामा जेईको संक्रमण भएको थियो । यसैगरी, २०२१ मा २८ जना र २०२० मा २२ जनामा संक्रमण पुष्टि भएको महाशाखाले जनाएको छ ।

नेपालमा करिब २५ वर्षअघि व्यापक रूपमा फैलिएको यो रोग पुनः उब्जिनु चिन्ताजनक भएको सरुवा रोग विशेषज्ञ शेरबहादुर पुन बताउँछन् । उनका अनुसार यस रोगले ठुलो रूप लियो भने बाँच्ने सम्भावना कम हुन्छ । 'यो रोग कडा रूपमा निस्क्यो भने ३० प्रतिशत मान्छेको मृत्यु हुन्छ, बाँचेका सात जनामा पनि ५० प्रतिशत चाहीँ स्थायी रूपमा असर रहन्छ,' उनले भने ।

यसले विशेषगरी मष्तिष्कमा असर गर्ने, नसासम्बन्धी अपांगता देखिने, दृष्टि गुम्ने, सुन्ने क्षमतामा ह्रास आउने, बोलिचालीमा समस्या, हातखुट्टा लुलो हुनेलगायतका समस्या देखिने भएकाले यो रोगलाई सामान्य रूपमा नहेर्न उनको सुझाव छ । 'यो रोगको डर भनेको यसले मष्तिष्कमा असर गर्छ । रोग लागेपछि मष्तिष्क सुन्निने हुन्छ । सम्भवतः निको हुन्न, भइहाले पनि मानसिक अवस्था पहिलेजस्तै हुने सम्भावना एकदम कम हुन्छ,' उनले भने ।

अचानक ज्वरो आउने, टाउको दुख्ने, घाँटी सुक्ने, बेहोससम्म हुने, बिर्सनेजस्ता लक्षण देखिने र पछि गएर घातक रूप लिने भएकाले ज्वरो आउनेबित्तिकै जँचाइहाल्न पनि उनले सुझाव दिए । उनले भने, 'संक्रमण भएको एकदेखि दुई साताभित्रमा ज्वरो आयो वा टाउको दुख्यो भने चेकजाँच गराएर आवश्यक परामर्श लिई उपचार गराइहाल्नुपर्छ ।'

बालबालिकालाई यो खोप लगाइरहेको भए पनि अन्य उमेर समूहका मानिसलाई खोपबारे जानकारीसमेत नभएको बताउँदै उनले सरकारले यसलाई फैलन नदिन खोपको व्यवस्थापन गर्नुपर्ने र आमनागरिकमा रोगसम्बन्धी जानकारी फैलाउनुपर्नेमा जोड दिनुपर्ने औंल्याए । 'यो नौलो रोग होइन, रि-मर्ज भएर आएको रोग हो । १५ वर्षमुनिको उमेर समूहलाई बढी प्रभावित पार्ने बताइए पनि हाल मृत्यु हुनेमा १५ वर्ष माथिको उमेर समूह नै छ । विगतमा खोपका कारण निर्मूल भएको थियो । अहिले पनि खोपलाई नै व्यापक बनाउनुपर्छ,' उनले भने ।

रोग फैलिरहेको अवस्थामा स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा. केसीले संघ र स्थानीय सरकारलाई जेईबारे जनचेतना फैलाउन निर्देशन दिइएको बताए । उनले हेर्दा लामखुट्टेबाट सर्ने डेंगुजस्तै देखिए पनि यो घातक अत्यन्त घातक भएकाले खोपको पहुँच सबै ठाउँमा पुऱ्याउने प्रयासमा सरकार रहेको जानकारी दिए ।

## झोक्किए...

विकसित र समृद्ध नेपाल बनाउन सबै मन्त्रालय उचित समन्वय हुनेगरी आफ्नो ठाउँबाट सक्रिय योगदान दिन निर्देशन दिएका हुन् ।

संसदका दुई ठुला दला नेपाली कांग्रेस र नेकपा एमालेबीचको सहकार्यमा सत्ता सञ्चालन हुँदासमेत नागरिकले सरकारको महसुस गर्न सकेका छैनन् । यद्यपि प्रधानमन्त्री र मन्त्रीहरूले सार्वजनीक फोरमहरूमा भने यो सरकारबाट उल्लेख्य काम भएको दाबी गर्दै आएका छन् । यस अवधिमा सरकारले गर्ने भनेका काम न्यून भए पनि प्रधानमन्त्री केपी शर्मा ओलीले सार्वजनिक समारोहमा निकै काम गरेको बखान गरिरहेका छन् ।

बुधबारकै संसदमा पनि उनले वर्तमान सरकारबाट भएको दर्जनौं कामका फेहेरिस्त सुनाए । तर उच्च पदस्थ कर्मचारीहरूसँगको बुधबारकै बैठकमा उनले कर्मचारी संयन्त्रलाई झपारेका हुन् ।

कर्मचारी संयन्त्रले सरकार सफल हुनेगरी काम गर्न नसकेको सन्देश प्रधानमन्त्री ओलीको छ । 'अब लन्याङतन्याङ गरेर हुँदैन,' ओलीले बैठकमा भनेका छन्, 'सरकार चल्नका लागि त यसै पनि चल्छ । तर देशमा परिवर्तन ल्याउने हो भने कामको गति बढाउनैपर्छ । स्वच्छता, पारदर्शिता र सुशासनका क्षेत्रमा व्यापक सुधार गर्दै जनतालाई प्रभावकारिता रूपमा सेवा र सहुलियत दिनुपर्छ । विकासका काममा तीव्रता दिनुपर्छ ।'

ओलीले राजनीति र नीतिमा देखिएको अस्थिरतालाई अन्त्य गर्न अहिलेको सरकार बनेको बताए । यो सरकारबाट जनताले परिवर्तन खोजेका र जनताको चाहनाअनुसार नै सरकार अघि बढिरहेको भन्दै उनले प्रशासनिक क्षेत्रबाट भइरहेका ढिलासुस्ती वा अलमललाई हटाएर अघि बढ्ने निर्देशन दिएको उनको सचिवालयले जनाएको छ ।

प्रतिपक्षलाई गाली गर्दै सरकारले राम्रो काम गरेकोप्रति विपक्षीहरू तर्सिएको टिप्पणी गर्दै आएका प्रधानमन्त्रीले कर्मचारीबाट उचित सहयोग नपाएकोप्रति इंगित गरेका हुन् । 'पारदर्शिता र सुशासनलाई व्यापक सुधार गर्दै जनताका काममा प्रभावकारिता देखाउन हामीबाट कतै अवरोध छ भने हटाउनुपर्छ,' उनले भनेका छन्, 'प्रविधि र दक्षताको उपयोग गर्नुपर्छ । दिगो विकासका लक्ष्य पूरा गर्न, नेपाललाई विकासशील मुलुकमा स्तरोन्नति गर्न र सम्पत्ति शुद्धीकरणको ग्रे लिस्टबाट हटाउन कसले के गर्नुपर्छ, त्यो तदारुकताका साथ गर्नुपर्छ ।'

उनको यो अभिव्यक्तिले सरकारका संयन्त्रहरूले नागरिकप्रति पूर्ण इमानदारिताका साथ काम नगरेको प्रस्ट पारेको छ । २०८१ असार १७ गते राति संसदका प्रमुख दल कांग्रेस-एमालेबीच भएको सहमतिअनुसार राजनीतिक स्थायित्व, सुशासन, भ्रष्टाचार नियन्त्रण र नागरिकका सेवाप्रवाहलाई प्राथमिकताका साथ अघि बढाएर मुलुकमा सुशासन र समृद्धि ल्याउने थियो । तर यसबीचमा सरकारबाट नागरिकका वितृष्ण हटाउन देखिनेगरी काम हुन नसकेको विश्लेषक बताउँछन् । 'सरकार अहिले पनि ठेकेदारी, तस्करी र भ्रष्टचारीहरूकै चंगुलमा फसकेको छ,' विश्लेषक विष्णु पन्थी भन्छन्, 'अहिलेसम्मका सरकारबाट जे भए त्यसभन्दा फरक अहिले पनि छैन, त्यस कारण यो सरकारबाट पनि नागरिकले अपेक्षा गर्ने ठाउँ नै छैन ।'

सरकारको विपक्षमा रहेका दलहरूले पनि सरकारले कुनै पनि काम जनताप्रति उत्तरदायी र जिम्मेवार भएर नगरेको आरोप लगाउँदै आएको छ । यसै सेरोफेरोमा रहेर प्रधानमन्त्री ओलीले बुधबार कर्मचारीका उच्च पदस्थलाई कार्यशैली सच्याउन निर्देशन दिएको विश्लेषण छ । यद्यपि प्रतिपक्षको आवाजलाई रोक्न भए पनि सरकारका मन्त्री र सत्ता पक्षका सांसदहरूले भने सरकारको कामप्रति असन्तुष्ट हुनुपर्ने कारण नरहेको दाबी गर्दै आएका छन् ।

प्रधानमन्त्री ओलीले बुधबार संसदलाई सम्बोधन गर्दै भनेका छनर, 'सरकारले गरेको सकारात्मक काममाथि प्रश्न उठोस् भन्ने चाहन्थें । तर संसद् होस् वा सार्वजनिक बहसलाई अर्थहीन विषयमा विषयान्तर गर्ने प्रयास भइरहेको छ । यस्ता बहसले देशमा केही गरौं भन्नेका लागि होइन, युवाहरूलाई भरोसा प्रदान गर्न पनि होइन । उनीहरूलाई गाली, निन्दा, आरोपमा भुलाउने र समाजलाई उत्तेजनामा ल्याउने नियत राखेको छ ।'

## सरकारको...

विनोदकुमार मण्डल, मीनबहादुर प्रधान र विष्णुकुमार न्यौपाने पनि दोषी ठहर भएर उनीहरूमाथि सजाय सुनाइएको छ ।

यस मुद्दामा कर्मचारीबाहेक माओवादीका स्थानीय नेता गगन पुरीलगायत दोषी ठहर भएका छन् । पुरीलाई एक वर्ष कैद र २० लाख रुपैयाँ जरिमानाको फैसला भएको छ ।

अदालतबाट सरकारी जग्गा व्यक्तिको नाममा लगेर भ्रष्टाचार गरेको ठहर भएको हो । सार्वजनिक जग्गा स्ववासीसम्बन्धी कानुनी प्रक्रियाबाट व्यक्तिका नाममा लगिएको र भ्रष्टाचार गरिएको अदालतको फैसलामा उल्लेख छ ।

दोषी ठहर भएकाहरूलाई तीन महिनादेखि एक वर्ष कैद र ३१ लाख रुपैयाँसम्म जरिमाना तोकिएको छ । यो फैसलासँगै व्यक्तिको नाममा लिएको ८ सय सरकारी जग्गा सरकारकै नाममा आउने भएको छ । विशेष अदालतले व्यक्तिको नाममा अनधिकृत रूपमा लिएको जग्गा सरकारकै नाममा कायम हुने फैसला गरिदिएको छ ।

## प्रगतिशील...

अन्तर्राष्ट्रिय स्तरमा ध्यानाकर्षण गराउने पनि बताएको छ । करिब ३ लाख ३५ हजार नेपाली श्रमिक वैधानिक रूपमा काम गर्ने मलेसियामा ७ देखि १० प्रतिशत श्रमिक नैतिक भर्ना प्रक्रियाअन्तर्गत जाने गरेको उल्लेख गर्दै मञ्चले आप्रवासी कामदार भर्ना प्रक्रिया सिन्डिकेटमार्फत प्रणालीगत रूपमा नियन्त्रण गर्न ठुलो आर्थिक चलखेल गरेर निश्चित व्यवसायीलाई मात्र उक्त भर्ना प्रणालीमा प्रवेश गराउने वा नेपालमा समस्या खडा गरेर नेपालबाट कामदार पठाउन बन्द गर्ने प्रपञ्च भएको जिकिर गरेको छ । विगतमा मलेसियाले बंगलादेशबाट कामदार ल्याउन एकाधिकार प्रणाली प्रयोग गर्दा हजारौं श्रमिक आर्थिक शोषणमा परेको मञ्चले बताएको छ ।


**जापानमा रोजगार**

कम्पनिको नाम: Butsuryu Logic Cooperative
कम्पनिको ठेगाना : Hyogo-ken, 660-0861, Japan
पूर्व स्विकृती मिति : 2025/08/13, लट नं.: 329191, चलानी नं.: 60243002

| SN | कामदारको पद | माग संख्या | मासिक तलब | | न्युनतम योग्यता | ओभर टाइम सुबिधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुबिधा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INDUSTRIAL PACKAGING | पुरुष १० जना | 177963 Yen | 168602 NRS | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ७ घण्टा | ५ दिन | कम्पनी नियम अनुसार | छ | छ | ३ बर्ष |
| 2 | INDUSTRIAL PACKAGING | महिला १० जना | 177963 Yen | 168602 NRS | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ७ घण्टा | ५ दिन | कम्पनी नियम अनुसार | छ | छ | ३ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | नि:शुल्क | नि:शुल्क | कामदार आफै | नि:शुल्क |

**अन्तर्वार्ता मिति २०८२ भाद्र ०५ गते यस प्रा. लि. मा हुनेछ ।**

**नोट: (१) जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । (२) N4 or N5 पास भएका हरूलाई बिषेश ग्राहायता दिइनेछ । (३)जापानिज भाषा नजानेकालाई पनि भाषा सिकाएर पठाउने ब्यवस्था गरिनेछ । (४) उमेर १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनु पर्नेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउन होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफ काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

GOOD LIFE INTERNATIONAL EMPLOYMENT AGENCY NEPAL
LIC NO.: 17/047/048

**Good Life International Employment Agency Nepal Pvt. Ltd.**
Kathmandu-32, Koteshwor, Nepal, Tel. No.: 01-5100669, Mob: 9803007339
9816909265, 9808811102, 9851056076, E-mail: info.goodlifenepal@gmail.com

# ५५ आधारभूत अस्पताल सञ्चालनमा ल्याइँदै



**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले निर्माण सम्पन्न भएर हस्तान्तरण भइसकेका ५५ वटा आधारभूत अस्पताल सञ्चालनमा ल्याउन तीनै तहका सरकार आपसी समझदारीका साथ अघि बढिरहेका बताएका छन् ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूको प्रश्नको जवाफ दिँदै मन्त्री पौडेलले देशभर निर्माण सम्पन्न भइ स्थानीय तहलाई हस्तान्तरण भएका अन्य अस्पतालहरू पनि सञ्चालनमा ल्याउने गरी कार्यक्रम अघि बढाइएको जानकारी दिनुभयो । यी आधारभूत अस्पतालहरूमा चिकित्सक र उपकरण पुऱ्याउने तयारी भइरहेको उनले बताए ।

बैठकको प्रश्नोत्तर कार्यक्रममा उनले मन्त्रालयबाट प्रतिबद्धता गरिएका दायित्वहरू प्रक्रियागत ढंगबाट समयमा सम्पन्न गरिएको दाबी गरे । कतिपय अस्पताल भने प्रक्रियागत विषय टुंगो लाग्न बाँकी रहेकाले सञ्चालनमा ल्याउन नसकिएको उनको भनाइ छ ।

'बाहिरबाट भवन उभिएको देख्छौं । तर त्यस्ता भवनहरू हस्तान्तरण नभएका, निर्माण सम्पन्न नभएका, मुद्दा परेकालगायत अनेकौं समस्याहरू छन्', मन्त्री पौडेलले भने, 'प्रक्रियागत विषयहरू नटुंगिएका कारण आधारभूत अस्पताल सञ्चालनमा ल्याउन सकिएको छैन ।'

बाँके जिल्लाको राप्तीको सोनारी नरैनापुर-४ मा अस्पतालको भौतिक प्रगति शतप्रतिशत भइ हस्तान्तरण गर्न बाँकी रहेको जानकारी दिँदै उनले स्तान्तरणलगत्तै सञ्चालनमा आउने उल्लेख गरे । उनका अनुसार अस्पताल सञ्चालनसम्बन्धी कार्यविधि बनेर पारित भइसकेको छ ।

# क्यान्सर पीडित बालकको उपचारका लागि सहयोगको अपिल

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, २८ साउन



सिरहाको भगवानपुर गाउँपालिका-५ इनर्वाका ९ वर्षीय अक्षयकुमार पासवान ब्लड क्यान्सरबाट पीडित भएका छन् । आर्थिक अभावका कारण उपचारमा समस्या भएपछि उनको परिवारले देश-विदेशका सहयोगी मनहरुलाई आर्थिक सहयोगका लागि अपिल गरेको छ ।

अक्षयका बुबा राजेशकुमार पासवानका अनुसार छोराको उपचार भरतपुरस्थित बिपी कोइराला मेमोरीयल क्यान्सर अस्पतालमा भइरहेको छ । तर घरको कमजोर आर्थिक अवस्थाका कारण आवश्यक उपचार खर्च जुटाउन कठिनाइ भएको उनले बताए ।

'हामीसँग रकम जुटाउने स्रोत छैन । अझै ठुलो रकमको आवश्यकता छ । मेरा लागि छोरालाई बचाउन सक्नु नै मेरो जीवन जस्तै हो,' बुबा पासवानले भावुक हुँदै भने ।

अक्षय परिवारको पहिलो सन्तान हुन् । थप उपचारका लागि आर्थिक अभाव भएकाले सहयोग अभियान सञ्चालन गरिएको चन्द्र नारायण यादवले जानकारी दिए । सहयोग गर्न इच्छुक व्यक्तिहरूले मोबाइल नम्बर ९८१३९८५७५० मा सम्पर्क गर्न वा नेपाल एसबीआई बैंक लिमिटेडमा राजेश कुमार पासवानको नाममा रहेको खाता नम्बर २३०१५२४९९०१३८४ मा रकम जम्मा गर्न सक्नेछन् ।

# शीतलपुरमा कृषि र सिँचाइलाई प्राथमिकता

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २८ साउन



आर्थिक वर्ष २०८२/०८३ को वडास्तरीय योजना छनोट कार्यक्रम सम्पन्न भएको छ । फतुवा विजयपुर नगरपालिका वडा नम्बर २ को शीतलपुर बैरगनियामा आर्थिक वर्ष २०८२/०८३ का लागि वडास्तरीय योजना छनोट गरिएको हो ।

टोल स्तरीय योजना छनोट गरी वडास्तरीय योजनाहरू तर्जुमा गर्दै वडाका स्थानीयको भेलाबाट योजना छनोट गरिएको हो ।

आउँदो आर्थिक वर्ष २०८२/०८३ मा नगर सभामा प्रस्तुत हुने नीति तथा कार्यक्रमसँगै कृषि तथा सिँचाइ कार्यलाई पहिलो प्राथमिकतामा राखेर छनोट गरिएको छ । वडादेखि टोलसम्म सबै टोलभेला गरेर ल्याइएका योजनाहरू समेटी वडा भेलामा प्रस्तुत गरिएको हो । विशेषगरी वडाका समस्यालाई समाधान गर्नका लागि वडास्तरीय योजनाहरू पालिकामा पेश गर्ने गरी निर्णय पारित गरिएको फतुवा बिजयपुर नगरपालिका वडा नम्बर २ का वडाध्यक्ष अनिरुद्ध यादव 'सञ्जय' ले बताए । वडामा भौतिक पूर्वाधार विकाससँगै शिक्षा, स्वास्थ्य, खानेपानी, सिचाइ, विद्युत, सडक र पर्यटकीय क्षेत्रको आधारमा योजना छनोट गरिएको छ। सामाजिक हक र हितका लागि आवश्यक विषयलाई मध्यनजर राखेर निर्माण योजना राखिएको बताइएको छ। वडास्तरीय योजना छनोट गरी पालिकाको कार्यपालिका बैठकमा प्रस्तुत गर्ने र अन्य भन्दा पहिलो प्राथमिकतामा निर्माण योजना छनोट गरेर नगर सभामा पारित गरिने अध्यक्ष यादवले बताएका छन् ।

वडास्तरीय योजना तर्जुमा तथा छनोट कार्यक्रम फतुवा विजयपुर नगरपालिका वडा नम्बर २ का वडाध्यक्ष अनिरुद्ध यादवको अध्यक्षतामा सम्पन्न भएको हो ।

# 'शान्तिका लागि राजदूत' अवार्डबाट अध्यक्ष थापा सम्मानित

**काठमाडौं/मस-**अन्तर्राष्ट्रिय युवा दिवस २०२५ को अवसरमा विश्वव्यापी शान्ति महासंघ अन्तर्गत युनिभर्सल पीस फेडरेशनले 'शान्तिको लागि राजदूत' अवार्ड गीतकार वसन्त वित्यासी थापालाई प्रदान गरेको छ ।

सम्पूर्ण गीतकारहरूको साझा संस्था गीतकार संघ नेपालको कार्यसमितिमा सदस्य, सचिव, महासचिव, उपाध्यक्ष हुँदै अध्यक्ष बनेका थापा हाल दोस्रो कार्यकालका लागि पनि अध्यक्षको रूपमा नेतृत्व गरिरहेका छन् । उनले विभिन्न सामाजिक कार्यमा सक्रिय रही, संघ-संस्थामा आवद्ध भई, गीतकार हरूको नैतिक, सामाजिक र आर्थिक अधिकार स्थापना तथा पहिचानका लागि गीतकार संघ नेपालको कुशल नेतृत्व गरेका छन् । उनको यही योगदानलाई उच्च मूल्यांकन गर्दै काठमाडौंस्थित पीस एम्बेसी भवनमा विशेष व्यक्तित्वहरूको उपस्थितिमा 'शान्तिको लागि राजदूत'को सम्मान प्रदान गरिएको हो ।

**VACANCY ANNOUNCEMENT FOR AUDIT JOB**

**Fresher are warmly welcome, Full-Time/ Part-Time**

**Job for a post of Auditor Assistant**

**Minimum Qualification:** BBS, BBA or Relevant Field.

**Duty:** Handling audit related document , draft financial statements, prepare budgets, conduct financial audits, and verify the financial information of an organization.

**Salary:** salary negotiable

**Shift option:** Morning/Day (as per need)

**Working hour:** 10 hrs

**Company location:** Thapagaun, Baneshwor

**Candidade person shuould be Perfect in Nepali Typing.**

**Interested candidates can contact us at 9841810061, Email:dhungela2020@gmail.com**

# एनआरएनए जोहोरले 'तिज विशेष' कार्यक्रम गर्ने

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, २८ साउन




गैर-आवासीय नेपाली संघ (एनआरएनए) क्षेत्रीय समिति जोहोरले यस वर्ष पनि 'तिज विशेष' कार्यक्रम आयोजना गर्ने भएको छ। हिन्दु नारीहरूको महान चाड तिजको अवसरमा नेपाली महिलाबीच आपसी भेटघाट, आत्मीयता र सामाजिक सद्भाव बढाउने उद्देश्यले कार्यक्रम राखिएको हो ।

समितिका सचिव छविलाल गिरिका अनुसार गत वर्षको जस्तै यस वर्ष पनि कार्यक्रमलाई भव्य बनाउन जोहोरमा रहेका सम्पूर्ण नेपाली नारीलाई निमन्त्रणा गरिएको छ। कार्यक्रममा सहभागी हुन कुनै शुल्क नलाग्ने र दर खानेदेखि विविध सांस्कृतिक कार्यक्रमसम्म रहने उनले जानकारी दिए ।

आयोजकले मलेसियाका विभिन्न क्षेत्रमा कार्यरत नेपाली महिलालाई कार्यक्रममा सहभागी भइ उल्लासपूर्वक मनाउन आग्रह गरेको छ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

**दावी विरोध सम्बन्धी सूचना**

यस विभागवाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **KP INTERNATIONAL OVERSEAS PVT. LTD.** (ई.प.नं. 842/066/067) को साविक **काठमाण्डौं जिल्ला, टोखा नगरपालिका वडा नं.-०५** मा कार्यालय रहेको साविकको ठेगाना परिवर्तन गरी **काठमाण्डौं जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ०९** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

# रास्वपाको पदाधिकारी अद्यावधिक




**काठमाडौं/मस-**निर्वाचन आयोगले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को केन्द्रीय पदाधिकारी तथा सदस्यहरूको विवरण अद्यावधिक गरेको छ । आयोगले बुधबार अद्यावधिक गरेको अभिलेखमा पार्टीको केन्द्रीय समिति ६२ सदस्यीय देखिन्छ ।

अद्यावधिक विवरणअनुसार कविन्द्र बुर्लाकोटी महामन्त्री बनेका छन् भने मनिष झालाई प्रवक्तामा पदोन्नति गरिएको छ । सहमहामन्त्री एक मात्र रहेका छन्। सुमना श्रेष्ठले सहमहामन्त्री पदबाट राजीनामा दिएपछि उनी हाल केन्द्रीय सदस्य मात्र छिन् ।

नयाँ सूचीमा योजना आयोगका पूर्वसदस्य अरनिको पाँडे पनि समावेश छन् ।

यसअघि पूर्वमहामन्त्री मुकुल ढकालले आयोगले पदाधिकारी हेरफेर नगरेको भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । तर, मंगलबार सर्वोच्चले उनको रिट खारेज गरेपछि आयोगले रास्वपाको विवरण अद्यावधिक गरेको हो ।

अद्यावधिक सूचीमा सह-कोषाध्यक्षको जिम्मेवारीबाट दीपक बोहरालाई हटाएर केन्द्रीय सदस्यमा सीमित गरिएको छ । सह-कोषाध्यक्षमा अब बसुमाया तामाङ मात्र रहेकी छन् जबकि कोषाध्यक्षमा लिमा अधिकारी छन्। बोहोराको नाम सहमहामन्त्रीका लागि प्रस्ताव भएको भए पनि यसबारे निर्णय भइसकेको छैन ।

निर्वाचन आयोगले राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५१ र नियमावली २०७४ को नियम २५ बमोजिम रास्वपाले पेश गरेको विवरण अभिलेखीकरण गरी पार्टीलाई जानकारी उपलब्ध गराउने निर्णय गरेको हो ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०४/२९**

मिति २०८२/०३/१५ गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **बाजु बिल्डर्स प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आयतन इन्फ्रास्ट्रक्चर प्रा. लि. (प्रा. लि. नं.: २०२९३१)** कायम गर्ने गरी मिति २०८२/०३/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Malaysia मा रोजगार** SQUAD SECURITY JOINT SERVICES SDN BHD

पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८२/०१/२६ चलानी नं. ६०२३७५४३ LTNo. : 323598

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 45 | [illegible] | 1700 | ५६,५७०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ भाद्र ५ गते (21 Aug., 2025) यस प्रा. लि. को कार्यालय गौशाला काठमाडौंमा हुनेछ ।

**Apollo Menpower Services Pvt. Ltd.**
Lic. No.: 22/048/049
Pinglasthan-09, Gaushala, Kathmandu, Tel.: 01-5901748, 5901370

**SAUDI मा रोजगार** Al Othman Agri. Prod & Proc Co.

पूर्व स्वीकृती मितिः २०८२/४/२८ चलानी नं.६०२४३००० LT No.: 329194

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Filling & Packing Worker | 10 | 0 | काममा दक्ष | 1000 | ३७,३३५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Heavy Truck Driver | 10 | 0 | | 1800 | ६७,२०४।- | | | | | | | |
| ३. | Vehicle Driver | 15 | 0 | | 1500 | ५६,०००।- | | | | | | | |

अन्तरवार्ता २०८२ भाद्र ५ गते (21 Aug. 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
LUCKY H.R. Solution Pvt. Ltd.
श्रम इजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१८८
E-mail : info@luckyhrsolution.com

# बिपद् जोखिम न्यूनिकरणका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

**प्रमाणित मितिः २०८२/०४/२९**

कोशी प्रदेश, मोरङ जिल्ला, मिक्लाजुङ्ग गाउँपालिकाद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मिक्लाजुङ्ग गाउँपालिका, कोशी प्रदेश, मुधुमल्ला मोरङ, फोन नं. २१- ४०००0१, इमेल: miklajungrmun@gmail.com |
| प्रस्तावको ब्यहोरा | बिपद् जोखिम न्यूनिकरणका लागि मिक्लु र सफेवा खोलाको पुल परिसरमा थुप्रिएर रहेका नदीजन्य सामग्री ब्यवस्थापन कार्य। |
| प्रभाव पर्न सक्ने क्षेत्र | मोरङ जिल्ला, मिक्लाजुङ्ग गाउँपालिका वडा नं. ४ र ६ तथा सो वडामा रहेका कोहिली सामुदायिक वन, मिक्लु सामुदायिक वन, र नमुना सामुदायिक वन |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न त्यस क्षेत्रको सामुदायिक वन, स्थानीय समुदाय, सम्बन्धित सरोकारवाला तथा सम्बन्धित वडाका प्रतिनिधहरु समेतलाई सहभागी गराई सार्वजनिक सुनुवाई गर्नु पर्ने भएकोले यस प्रस्तावसँग सरोकार राख्ने सम्पूर्ण सरोकारवालाहरुलाई निम्न मिति, स्थान र समयमा उपस्थिति हुन यो सूचना प्रकाशित गरिएको छ।

**सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान:**

| मिति | खोला | समय | समय |
|---|---|---|---|
| २०८२/०५/०४ (बुधबार) | मिक्लु | वडा नं. ६ कार्यालय | दिउसो ११:३० बजे |
| | सफेवा | कोहिलि सामुदायिक वनको कार्यालय भवन | दिउसो २:०० बजे |

# कानेपोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भौंसाबारी, मोरङ
कोशी प्रदेश, सुनसरी

**कानेपोखरी गाउँपालिकाको जनहितमा जारी सन्देश**

- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा गाउँपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- गाउँबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।

**कुवेतमा रोजगार** कम्पनीः BUN N MORE COMPANY FOR SNACKS शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/१०/२८ चलानी नं.: ६०२१४७७५ LT. No.: 299862 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 2 | 0 | स. काममा दक्ष | 150 | ६८,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ५ गते (21 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

**HABiBi International Recruitment Pvt.Ltd.** Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५१७१ E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com

**Bahrain मा रोजगार** Moon Star Cleaning Construction Co W.LL
पूर्व स्वीकृती मितिः २०८२/४/२७ चलानी नं. ६०२४२९७१ LT# 329144

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner General | 10 | 0 | [illegible] | 100 | ३६,९७६।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८१ भाद्र ५ गते (21 Aug., 2025) यस प्रा. लि. को कार्यालय तिनकुने काठमाडौंमा हुनेछ ।

**बैभव ओभरसिज प्रा. लि.** श्रम ईजाजत नं.: ३७३/०५९/६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), फोन : ०१-४१०६२६४, ४१०६२६५
९८०७९३५१७६, ९७४५९४२०८७, ९८२३२५४८७७, E-mail : baibhav.ovs@gmail.com

## सम्पादकीय

# संसद् गिज्याउने गणपूरक

संसदमा पछिल्लो समय दोहोरिरहेको एउटा दृश्य हो- गणपूरक संख्या माग गर्ने र गन्दा नपुगेर बैठक नै स्थगित गरेर घर जाने । कहिलेकाहीँ यस्तो हुन पुग्यो भने विशेष कारण मान्न सकिन्थ्यो । तर एकपछि अर्को संसद्का एजेन्डा सांसदको अनुपस्थितिले प्रभावित हुने क्रम बढेको छ ।

बुधबार प्रतिनिधि सभाबाट सूचना प्रविधि तथा साइबर सुरक्षासम्बन्धी विधेयक अगाडि बढाउने कार्यसूची थियो । सभामुख देवराज घिमिरेले 'विधेयकमाथि विचार गरियोस्' भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा ६६ जना मात्रै उपस्थित रहेको थाहा लाग्यो । विधेयक अगाडि बढाउन कम्तीमा ६९ सांसद आवश्यक पर्थ्यो । गणपूरक संख्या नपुगेपछि विधेयक अघि बढ्न सकेन । यदि बुधबार विधेयक अगाडि बढेको भए सांसदहरूले संशोधन प्रस्ताव राख्ने ७२ घण्टे डेटलाइन सुरू हुन्थ्यो । आवश्यक गणपूरक संख्या नपुग्दा संसद्को कार्यसूची प्रभावित हुन पुग्यो ।

प्रतिनिधि सभा २ सय ७५ सदस्यीय छ । संविधानको धारा ९४ ले संसद्मा कुनै पनि प्रस्ताव निर्णयार्थ प्रस्तुत हुन कम्तीमा एक चौथाइ सांसद अनिवार्य हुने प्रावधान राखिदिएको छ । यो भनेको ६९ जना संसद् संख्या हो । तर एक चौथाइ सांसद् पनि संसदमा नभेटिनु विडम्बना हो ।

बुधबार प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभालाई सम्बोधनसमेत गरेका थिए । प्रधानमन्त्रीले सम्बोधन गरेको दिनसमेत संसदमा सांसद जाँदैनन् भने कुन दिन जान्छन् होला ? यसले गम्भीर प्रश्न खडा गरेको छ ।

संसद्मा प्रधानमन्त्रीले दुई तिहाइ सांसद होल्ड गरेर बसेका छन् । अघिल्लो वर्ष विश्वासको मत लिँदा १ सय ८८ मत पाएका थिए । उनै प्रधानमन्त्रीले सरकारको कामको उपलब्धि सुनाइरहँदा सभामा जम्मा ६६ जना थिए । यस विषयमा प्रधानमन्त्री स्वयं गम्भीर हुन जरूरी छ । किनभने आफूलाई विश्वासको मत दिएकाले समेत सरकारको उपलब्धि सुन्दैन भने कसले सुन्छ ?

सांसदको मुख्य काम कानुन निर्माण गर्ने हो । सरकारले गरेका कामकारबाहीमा निगरानी गर्ने र गलत हुन लागे खबरदारी गर्ने हो । जनताका कुरा सदनमा उठाएर सरकारलाई सुनाउने र सम्बोधनका लागि पहल लिने हो । किसानले मल पाइरहेका छैनन् । मधेशमा पानी नपर्दा रोपाइँ हुनमा ढिलाइ भएको छ । चाडपर्वको समय सुरू भएसँगै कालोबजारी सलबलाएका छन् । कारागार र बाल सुधार गृहमा झडपका घटना भइरहेका छन् । बेरोजगारी बढ्दो छ । मुलुकमा रहेका यी यावत् समस्याबारे घोत्लिन छाडेर सांसद्हरू कता व्यस्त छन् ? यसको जवाफ चाहिन्छ ।


# समृद्धिको एजेन्डा र युवा

*युवालाई राजनीतिक औजारका रूपमा प्रयोग गर्ने परम्परागत सोच हटाएर, उनीहरूलाई राज्यका सबै तहमा सार्थक सहभागिता गराउनु अहिलेको आवश्यक हो...*

अग्रलेख



● भरतप्रसाद देवकोटा



१६ देखि ४० वर्षको उमेरसम्मलाई युवा मानिएको छ । भनिन्छ युवा राजनीतिका आर्थिक सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत परिवर्तनका सम्भारका साथै राष्ट्रको अमूल्य सम्पत्ति हुन् । साहस सिर्जनशीलता उत्सुकता एवं उच्च आत्मविश्वासका कारण युवा समूहलाई राष्ट्र निर्माणको प्रमुख स्रोत मानिन्छ । तसर्थ, राष्ट्रको समग्र विकास र परिवर्तनमा युवाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । गुणात्मक र संख्यात्मक दृष्टिले युवा राष्ट्र निर्माणको मेरुदण्ड भएकाले युवाको सर्वांगीण विकास गरी उनीहरूलाई राष्ट्र र निर्माणको मूलधारमा ल्याउन अन्ततः जरुरी रहेको छ ।

युवाका विषय सम्बोधन गर्ने उद्देश्यले संयुक्त राष्ट्र संघले सन् १९९९ देखि प्रत्येक वर्ष अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवस मनाउने घोषणा गरेको थियो । सोही घोषणासँगै युवासम्बन्धी विभिन्न चेतनामूलक तथा मनोरञ्जनात्मक कार्यक्रमहरू आयोजना गरी सन् २००० देखि नियमित रूपमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउन थालिएको हो । नेपालमा भने सन् २००४ देखि युवाका क्षेत्रमा काम गर्ने विभिन्न गैरसरकारी संस्थाको आयोजनामा कार्यक्रम मनाउन थालिएको थियो ।

राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउँदै, राष्ट्रिय अर्थतन्त्रलाई नयाँ आयाम दिन सक्ने युवा वर्ग वर्तमान अवस्थामा शिक्षा र स्वास्थ्य जस्ता आधारभूत आवश्यकताका एजेन्डामा अलमलमा छन् । गरिबी विभिन्न प्रकारका भेदभावहरू तथा सीमित रोजगारीका अवसरसँग पौंठेजोरी खेलिरहन बाध्य छन् । युवालाई राजनीति स्वार्थका लागि साधनका रूपमा मात्र प्रयोग नगरी उनीहरूको सक्षमताका आधारमा उपयुक्त स्थानसहितको संलग्नता सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक र सांस्कृतिक आधारमा गरिने विभिन्न प्रकारका भेदभावहरूको अन्त्य गरी युवाको सरकारी तथा राजनीतिक निर्णय प्रक्रियामा सहभागिताको सहज पहुँचका लागि अवसर सिर्जना गरिनुपर्छ ।

युवा समुदाय भनेको नागरिक समाजका सबै वर्गबिचको कडी हो । युवा वर्गको दृष्टिले आफ्नो देशभित्र सुरक्षित र प्रगति उन्मुख भविष्य देख्न सकिन्न भने विकल्पको खोजीमा उनीहरू बिदेसिनु अस्वाभाविक होइन । युवा वर्ग मोजमज्जा र सुखसहेल भोग गर्ने कामनाले बिदेसिने गरेका होइनन् किनकि उनीहरूले पनि प्रवासमा स्थापित नहुन्जेल कडा परिश्रम लाग्नुपर्ने हुन्छ । प्रवासमा खर्चिने जत्तिकै जोस, जाँगर, मेहनत र लागतले स्वदेशमै आफ्नो भविष्य देख्न सक्ने स्थिति रहँदो हो त युवाहरू किन बिदेसिनुपर्थ्यो ?

२०७९ सालको निर्वाचनमा युवाहरूको संख्या १३ हजार ८ सय ९३ अर्थात् ३९ दशमलव ६५ प्रतिशत रहेको थियो । प्रदेश तहमा २३ दशमलव ६३ प्रतिशत, प्रतिनिधिसभामा १३ दशमलव ९ प्रतिशत र राष्ट्रिय सभामा ६ दशमलव ७७ प्रतिशत रहेको थियो । यसरी राज्य सञ्चालनका तह र तप्कामा युवाको उपस्थिति तथा कार्यक्रमले अझ थप बल तागत ऊर्जा र क्रियाशीलता अभिवृद्धि भएको छ । जसबाट युवाका नीति निर्माणमा सार्थक सहभागिता, आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक जीवनमा सहभागिता वृद्धि भएको देखिन्छ । युवामा नैतिकता, चारित्रिक गुण तथा अनुशासन विकास गरी परिवर्तित विश्व श्रम बजारमा खरो प्रतिस्पर्धा गर्न सक्ने देशभक्त, पौरखी, सिर्जनशील, लगनशील र प्रतिस्पर्धा उत्साही ऊर्जाशील युवा बनाउनका निमित्त राज्य थप बलपूर्वक लाग्नुपर्छ ।

देश विकासका लागि विभिन्न योजना बनायौं तर पनि आशातीत सफलता प्राप्त हुन सकेको छैन । यसो भन्दैमा फेरि हामी निराशा भइहाल्नुपर्ने अवस्था छैन किनभने धेरै लामो समय हाम्रो विकृत राजनीति र विकृत परिवेशद्वारा सुसूचित भएको कारण हामीले गर्ने व्यवहारमा परिवर्तन आउन केही समय लाग्छ । मुलुकमा बेरोजगारी बढ्दो छ । हजारौंको संख्यामा दक्ष युवा विदेश पलायन भइरहेका छन् । यसकै कारण भोलि मुलुकलाई आवश्यक पर्ने श्रम शक्तिको अभाव हुन सक्छ । अहिले पनि धेरैजसो सिपमूलक काम छिमेकी देशबाट आएका युवाले गरिरहेका छन्, त्यो जनशक्ति स्वेच्छाले आफ्नो मुलुक फर्कियो भने भोलिको अवस्था के होला ?

युवाहरू भनेका राष्ट्रका अमूल्य सम्पत्ति हुन्, युवाहरूलाई सही दिशानिर्देश गर्नु राष्ट्रको दायित्व हो । युवा जनशक्तिको सदुपयोग विदेशमा होइन स्वदेशमा हुनुपर्छ । दिगो विकासको अवधारणाले सामाजिक, आर्थिक र वातावरणीय पक्षबीच सन्तुलन, सहकार्य र अन्तरघुलनको माग गर्छ । भावी पिँढीका आवश्यकताहरूको उपलब्धतामा प्रतिकुल प्रभाव पर्न नदिने गरी वर्तमान पिँढीका आवश्यकताहरू परिपूर्ति गर्ने विकासको रणनीतिको दिगो विकास आवश्यक छ ।

दिगो विकास भनेको प्राकृतिक स्रोत, वातावरण, जनसंख्या र विकास गतिविधिबीचको सन्तुलित सम्बन्ध हो । व्यापार उदारीकरण, सामाजिक-आर्थिक सहकार्य, सहशताब्दी विकास लक्ष्य र पूर्वाधार विस्तार दिगो विकासका मुख्य आयाम हुन् । नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको समन्वय आवश्यक छ । नीति तथा योजना बनाउँदा आर्थिक, सामाजिक, भौगोलिक तथा प्रशासनिक विशेषतालाई ध्यान दिई विकासका राष्ट्रिय लक्ष्य हासिल गर्नुपर्ने आवश्यकता देखिन्छ ।

विकासमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण मानिँदै आएको छ । १५औं र १६औं योजनाले सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन गर्दै, उत्पादनशील र रोजगारमूलक आर्थिक वृद्धिलाई प्राथमिकता दिएको छ । युवालाई राजनीतिक औजारका रूपमा प्रयोग गर्ने परम्परागत सोच हटाएर, उनीहरूलाई राज्यका सबै तहमा सार्थक सहभागिता गराउनु अहिलेको आवश्यक हो ।

सूचना प्रविधिको विकासले नेपालमा उल्लेख्य प्रगति भएको छ । आजको दिनमा एसएमएस, भिडियो च्याट, युट्युबजस्ता माध्यममार्फत तत्काल सूचना आदानप्रदान सम्भव भएको छ । युट्युबलगायतका डिजिटल प्लेटफर्महरूले युवा उद्यमशीलतालाई सहयोग पुर्‍याइरहेका छन् । यद्यपि, सूचना प्रविधि प्रयोग गर्दा अपनाउनुपर्ने मानक र प्रणालीमा एकरूपता अभाव देखिन्छ ।

नेपालमा युवा सहभागिता अझै न्यून छ । युवाको विकासमा पहुँच, शिक्षा, सीप, रोजगारी र नेतृत्वको अवसर सुनिश्चित गर्न आवश्यक छ । देशको श्रम बजार सीमित भएकाले हजारौं युवा बर्सेनि वैदेशिक रोजगारीमा जान बाध्य छन् । ६०-८० लाखसम्म नेपाली युवा १ सय ७२ देशहरूमा कार्यरत छन् । असुरक्षित वैदेशिक श्रमका कारण हजारौं युवाले ज्यान गुमाएका छन्, जुन चिन्ताको विषय हो ।

> *देश विकासका लागि विभिन्न योजना बनायौं तर पनि आशातीत सफलता प्राप्त हुन सकेको छैन । यसो भन्दैमा फेरि हामी निराशा भइहाल्नुपर्ने अवस्था छैन, किनभने धेरै लामो समय हाम्रो विकृत राजनीति र विकृत परिवेशद्वारा सुसूचित भएको कारण हामीले गर्ने व्यवहारमा परिवर्तन आउन केही समय लाग्छ...*

सरकारले कुल बजेटको १० प्रतिशत युवा लक्षित कार्यक्रमका लागि छुट्याउने नीति लिएको छ । 'युथ भिजन २०२५' अन्तर्गत स्थानीय सरकारहरूमा युवा परिचालन बढाउने लक्ष्य राखिएको छ । अघिल्लो निर्वाचनमा ७ सय ५३ स्थानीय तहमा करिब ४० प्रतिशत उम्मेदवार २१-४० वर्षका युवा निर्वाचित भएका थिए ।


२०८२/८३ को बजेटले प्रत्येक प्रदेशमा रोजगार मेला, १६ वर्षमाथिका युवालाई राष्ट्रिय स्वयंसेवक परिचालन र 'जेन जी' उद्योगलाई ३ प्रतिशत ब्याजदरमा कर्जा प्रवाहजस्ता कार्यक्रम ल्याएको छ । अन्तर्राष्ट्रिय नेपाली युवा उद्यमी महासंघले पनि युवा उद्यमशीलता प्रवर्धनमा योगदान दिइरहेको छ । सरकारले यसअघि जस्तै यसपटक पनि अन्तर्राष्ट्रिय युवा दिवस सप्ताहव्यापी रूपमा मनाउने निर्णय गरेको छ । नेतृत्व विकास, उद्यमशीलता, रक्तदान, वृक्षरोपणजस्ता कार्यक्रम तय गरिएको छ । यस्ता कार्यक्रमहरू केवल देखावटी नभई, युवाका समस्या समाधान र उनीहरूको सार्थक सहभागिता सुनिश्चित गर्ने माध्यम हुनुपर्छ ।

## इतिहासमा आज


१४ अगस्ट २०१५मा क्युबा-संयुक्त राज्य अमेरिका सम्बन्धविच्छेद भएसँगै बन्द भएको क्युबाको हवानामा रहेको अमेरिकी दूतावास ५४ वर्षपछि पुनः खुलेको थियो ।



१४ अगस्ट २०१८ मा इटालीको जेनोवामा रहेको पोन्टे मोरान्डी पुल भत्किँदा ४३ जनाको मृत्यु भएको थियो भने १६ जना घाइते भएका थिए ।



१४ अगस्ट २०२१ मा दक्षिण-पश्चिमी हैटीमा ७.२ म्याग्निच्युडको भूकम्प जाँदा २ हजार २ सय ४८ जनाको मृत्यु भएको थियो । जुन भूकम्पले लाखौं नागरिकलाई घरबारविहीन बनाएको थियो ।



१४ अगस्ट २०१३ मा सुरक्षा बलले पूर्वराष्ट्रपति मोहम्मद मोर्सीलाई समर्थन गर्ने सयौं प्रदर्शनकारीहरूलाई मारेपछि इजिप्टले आपतकालीन अवस्था घोषणा गरेको थियो ।



# सहकारी किन जोगाउने ?

विचार



● खगेन्द्र पौडेल

> *नेपाल जस्तो मुलुकमा सहकारी जोगाउनु भनेको गाउँको अर्थतन्त्र जोगाउनु हो, समुदायको एकता जोगाउनु हो, साना व्यवसायी र किसानलाई टिकाइराख्नु हो र वित्तीय चेतनालाई निरन्तरता दिनु हो । सहकारी आजको अर्थतन्त्रमा अत्यन्तै शक्तिशाली र आवश्यक साधन हो...*

सहकारी संस्था केवल आर्थिक कारोबार गर्ने थलो मात्र होइन, सामूहिक सोच, आपसी विश्वास र साझा प्रयत्नको प्रतिफल हो । यसको जड गाउँबस्तीको सामाजिक-आर्थिक जीवनसँग गहिरा रूपमा गाँसिएको हुन्छ । सहकारीको मूल भावनामा सदस्यहरूले आफ्ना साना-साना पुँजी, समय र श्रमलाई एकीकृत गरेर ठुलो प्रभाव सिर्जना गर्ने क्षमता लुकेको हुन्छ । यसले लाभ मात्र होइन, दीर्घकालीन स्थिरता, आत्मनिर्भरता र समुदायको सशक्तीकरणमा महत्वपूर्ण योगदान पुर्‍याउँछ । तर, पछिल्ला वर्षहरूमा सहकारीहरूमा देखिएका अनियमितता, दुरुपयोग, पारदर्शिताको अभाव र राजनीतिक हस्तक्षेपका कारण धेरै ठाउँमा यसको विश्वास घट्दै गएको छ । यस्तो अवस्थामा 'सहकारी किन जोगाउने ?' भन्ने प्रश्न स्वाभाविक उठ्छ । यसको जवाफ भने अझ गहिरो रूपमा बुझ्न आवश्यक छ ।

पहिलो कुरा, सहकारीले आर्थिक स्रोतमा पहुँच नपाउने व्यक्तिलाई अवसर दिन्छ । ग्रामीण क्षेत्रमा बैंकिङ सुविधा सीमित हुने र निजी वित्तीय संस्थाहरूको ऋण महँगो हुने अवस्थामा सहकारीले सस्तो ब्याजमा ऋण उपलब्ध गराउँछ । यसले कृषकलाई बिउ, मल, उपकरण खरिद गर्न, साना व्यापारीलाई पसल विस्तार गर्न वा सिप विकासका लागि पुँजी जुटाउन सहज बनाउँछ । यदि सहकारीहरू असफल भए वा हराए भने, यी वर्गका मानिसहरू फेरि महाजन र चर्को ब्याजको चंगुलमा पर्ने खतरा हुन्छ । त्यसैले सहकारीलाई बचाउनु भनेको कमजोर आर्थिक पृष्ठभूमिका हजारौं परिवारलाई आर्थिक आत्मनिर्भरता कायम राख्ने बाटो खुला राख्नु हो ।

दोस्रो, सहकारी केवल ऋण-जमानतको कुरा होइन, यो आर्थिक शिक्षाको पाठशाला हो । सदस्यहरूले बचत गर्ने बानी, ऋण लिने र फिर्ता गर्ने अनुशासन, व्यावसायिक निर्णय गर्ने क्षमता र सामूहिक उत्तरदायित्व सिक्छन् । यसले दीर्घकालमा वित्तीय सचेतना बढाउँछ, जसको अभावमा ग्रामीण अर्थतन्त्र कमजोर हुन्छ । सहकारी जोगाउनु भनेको वित्तीय चेतना फैलाउने आधारभूत संरचना जोगाउनु हो ।

तेस्रो, सहकारीले समुदायमा एकताको भावना मजबुत पार्छ । सदस्यबीच आपसी सहयोग र पारस्परिक जिम्मेवारीको भावना विकास हुन्छ । कुनै सदस्य समस्यामा परे, रोग लागे वा आकस्मिक खर्च आए, सहकारीले सहयोग पुर्‍याउन सक्छ । यसले सामाजिक सुरक्षा जस्तो काम गर्छ, जसको विकल्प निजी लाभमुखी संस्थामा पाइँदैन ।

चौथो, सहकारीको मुनाफा समुदायमै पुनः लगानी हुन्छ । बैंक वा ठुला वित्तीय कम्पनीहरूको मुनाफा प्रायः बाहिर जान्छ तर सहकारीले कमाएको आम्दानी सदस्यहरूको हितका लागि प्रयोग हुन्छ । यसले स्थानीय विकासमा प्रत्यक्ष प्रभाव पार्छ, चाहे त्यो सडक मर्मत होस्, सिँचाइको योजना होस् वा विद्यालयमा सहयोग होस् । सहकारी समाप्त भएमा यो स्थानीय पुँजी बाहिर बग्ने सम्भावना बढ्छ ।

तर, यति महत्वपूर्ण भूमिका निभाउने सहकारीमा बेथिति देखिनु गम्भीर कुरा हो । कतिपयमा प्रबन्ध समिति र व्यवस्थापकले पारदर्शिता कायम नगर्नु, नातावाद र पक्षपात, सदस्यको पैसा दुरुपयोग गर्नु, सरकारी नियमनको कमजोरी आदिले विश्वास गुमाएको छ । तर, समस्याको कारण संस्थाको स्वरूप होइन, त्यसलाई सञ्चालन गर्ने व्यक्तिहरूको असावधानी वा बेइमानी हो । समाधान सहकारी तोड्नु होइन, यसलाई पारदर्शी, उत्तरदायी र नियमअनुसार सञ्चालन गर्ने व्यवस्था सुदृढ गर्नु हो ।

सहकारी बचाउने कुरा केवल भावनात्मक वा परम्परागत सोच होइन, यो व्यावहारिक आवश्यकता पनि हो । नेपाल जस्तो मुलुकमा जहाँ करिब दुइ तिहाइ जनसंख्या ग्रामीण क्षेत्रमा बस्छ, त्यहाँ सहकारी आर्थिक प्रवाहको मेरुदण्ड हो । बैंकिङ पहुँचका हिसाबले कमजोर क्षेत्रमा सहकारीको भूमिकालाई सरकारी योजनाले समेत प्राथमिकता दिएको छ । यसलाई नजोगाए आर्थिक समावेशीकरणको प्रयासमा ठुलो धक्का पुग्छ । नेपाल जस्तो मुलुकमा सहकारी जोगाउनु भनेको गाउँको अर्थतन्त्र जोगाउनु हो, समुदायको एकता जोगाउनु हो, साना व्यवसायी र किसानलाई टिकाइराख्नु हो र वित्तीय चेतनालाई निरन्तरता दिनु हो । अनियमितता र बेथितिका दोषीलाई कडा सजाय दिनुपर्छ, नियमन र लेखापरीक्षण प्रणाली सुधार गर्नुपर्छ, सदस्यहरूको सक्रिय सहभागिता बढाउनुपर्छ । सही ढंगले सञ्चालन गरिने सहकारी आजको अर्थतन्त्रमा अत्यन्तै शक्तिशाली र आवश्यक साधन हो । त्यसैले यसको अस्तित्व, इमानदारी र पारदर्शिता दुवैलाई जोगाउनु आजको अनिवार्यता हो ।

## सामाजिक सञ्जाल




**प्रेमकान्त अधिकारी**

आध्यात्मिक भक्ति मार्गमा लिप्त भएर लागेका जस्ता छन् देशका ऊर्जाशील युवा शक्ति । राजनीतिक धार अँगालेकाहरू आफ्ना ब्रह्मनिष्ठ गुरुप्रति । श्रीमद्भागवत गीतामा बताइएअनुसार 'कर्म योग, ज्ञान योग र भक्ति योग'मध्ये भक्ति योग रोजेकाहरूले गुरु कृपा पर्खिएर बसिरहेको अवस्था छ ।



**शोभा कटुवाल**

साँच्चिकै भन्नुपर्दा, यहाँ ठुला प्रमुख पार्टीका शीर्ष नेतृत्वमा दल भनेको आफ्नै श्रीमतीले माइतीबाट ल्याएको दाइजो हो र यो अंशमा दाजुभाइबीच बाँड्न मिल्दैन वा प्राइभेट कम्पनी हो भन्ने मनोवृत्ति छ । यस्तो नेतृत्वभित्र पछिल्लो पुस्तालाई योग्यता र क्षमताको आधारमा अवसर दिने संस्कार नै छैन ।



**समा थापा**

रवि लामिछानेको कोठामा एसी हाले सबैलाई शीतल हुने, गर्भवतीलाई राष्ट्रपतिले हेलिकोप्टरमा ल्याएर उपचार गराए सबै सुरक्षित हुने, एक दिन बालुवाटारमा रुख रोपे देशै हरियाली हुने, चाडबाडमा खाद्यान्नको गुणस्तर जाँचे सधैं गुणस्तर कायम रहने, यस्ता पटके कामबाट देशले कहिले मुक्ति पाउला ?



**डम्बर खतिवडा**

नयाँ र पुराना दलका नेताकार्यकर्तामा भिन्नता : पुराना- क्रान्तिकारी बनेर सत्तामा पुग्थे, सत्तामा पुगेर भ्रष्ट बन्थे, नयाँ- ठगी, झुट, अहं अवसरवाद र नटवरलाल गिरीको तालिम लिएर राजनीतिमा आएछन् । भो ! छोडौं यो नयाँ र पुरानाको कुरा । अब गुणवत्ता र गुणहीनता राम्रो/नराम्रोको भिन्नता गरौं ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# रचना रिमालको तिज गीत ‘नाचम बरी लै’ सार्वजनिक




**काठमाडौं/मस-** हिन्दु महिलाको महान पर्व हरितालिका तिजलाई लक्षित गर्दै चर्चित गायिका रचना रिमालको स्वरमा नयाँ गीत ‘नाचम बरी लै’ सार्वजनिक भएको छ । गीतमा नेपाली महिलाको दुःख, संघर्ष र भावनालाई मौलिक भाका र सांस्कृतिक स्वादसहित प्रस्तुत गरिएको छ ।

गीतका शब्द सर्जक तथा गीतकार प्रेम संगमले लेखेका हुन् । राजकुमार बगरको लय सिर्जना र रमेश सेन्चुरीको संगीत संयोजन रहेको यो गीत गत शुक्रबार प्रतिक्षा सिजापती युट्युब च्यानलमार्फत सार्वजनिक भएको हो ।

हालका वर्षहरूमा तिज गीतहरूमा मौलिकता भन्दा भड्किलोपन बढेको आलोचनाबीच ‘नाचम बरी लै’ ले जीवन्त सन्देश र कलात्मक प्रस्तुति दिएको निर्माण पक्षको दाबी छ ।

भिडियोमा वरिष्ठ कलाकार प्रेमदेब गिरी, राष्ट्रिय लोक तथा दोहरी गीत प्रतिष्ठान कर्णाली प्रदेश अध्यक्ष हरिमाया कार्की, कलाकार लक्ष्मण लामिछाने र मोडेल लक्ष्मी गिरीको अभिनय तथा नृत्य समावेश छ । निर्देशन चन्द्रबहादुर मन्दिरले गरेका हुन् भने छायांकन, सम्पादन र रंग संयोजन निर्मल प्याकुरेलले सम्भालेका छन् ।

पोस्ट-प्रोडक्सन कृपा एण्ड कृति प्रोडक्सन र श्रीनाथ फिल्म्स सुर्खेतले गरेका छन् । गीतकार प्रेम संगमका अनुसार, यो गीत तिजको मनोरञ्जन मात्र नभई नेपाली हिन्दु महिलाको भोगाइ र संस्कृतिको अभिलेख पनि हो ।

निर्माण पक्षले उत्कृष्ट शब्द, संगीत र प्रस्तुतीकरणका कारण यसलाई यस वर्षको अब्बल तिज कोशेलीका रूपमा दर्शक-स्रोताले मन पर्ने विश्वास व्यक्त गरेको छ ।

# शिलुको ‘यही हो मेरो थुतुनो’ सार्वजनिक




**काठमाडौं/मस-** नेपाली नारीहरूको महान चाड हरितालिका तिज नजिकिँदै गर्दा बजारमा थुप्रै तिज गीतहरू आइरहेका छन् । यसै क्रममा गायिका शिलु भट्टराईको ‘यही हो मेरो थुतुनो’ बोलको तिज गीत सार्वजनिक भएको छ ।

बाबुराम विश्वकर्माको शब्द, खुमन अधिकारीको लय सिर्जना रहेको यस गीतमा शिलुलाई खुमन अधिकारीले साथ दिएका छन् । शिलु भट्टराई अफिसियल युट्युब च्यानलबाट सार्वजनिक गरिएको यस गीतको म्युजिक भिडियो जेरी भण्डारीले निर्देशन र कोरियोग्राफी गरेका छन् ।

भिडियोमा खुमन अधिकारी, शिलु भट्टराई, जेरी भण्डारी, जुनु एसडी, श्रीपोखरेल, सरोज पुर्जालगायतको अभिनय देख्न सकिन्छ । रमाइलो र ठट्यौली शब्दमा तयार भएको यस गीतलाई करण चैसिरले खिचेका हुन् भने सुजन कोइरालाले सम्पादन गरेका हुन् ।

## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/०४/२९ गते बिहीबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्दीमा राखिएको साल लगायत जातको गोलिया थान २७७ को २१६२.७८ घ.फि. काठ हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**अमर महिला सा.व.उ.स.**
मधुवन-२, बर्दिया

# मादी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**मादी, संखुवासभा**
**कोशी प्रदेश, नेपाल**

## जनहितमा जानकारी मूलक सन्देश

**१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

**यसबाट बच्ने उपाय :**



क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरू व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।

**२. गर्मी र वर्षातको समयमा खाना खाँदा ध्यान दिऔं ।**

**यसबाट बच्ने उपाय :**

क) बासी र सडेगलेको खानेकुराहरू नखाऔं ।
ख) पाकेको खाना मात्र खाऔं ।
ग) झिङ्गा र भुसुना भन्किने नदिऔं । खानेकुरा छोपेर राखौं ।
घ) खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
ङ) फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
च) सकेसम्म खुलारुपमा बेच्ने राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।

# Balephi Rural Municipality
# Office of the Rural Municipal Executive

**Balephi, Sindhupalchok**

## Invitation for Bids

**(Date of Publication: 14th August 2025)**

1. **Balephi Rural Municipality, Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok** invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding. Only eligible bidders should participate in this bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents visit PPMO e- GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit necessary experience document as for bid Document.
4. Office reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR 2064.

| S.No. | Contract ID No. / Description | Bid Security Amount (NRs) | Bid Fee Amount (NRs) | Bid Capacity | Last Date of Bid Submission | Technical Bid opening Date |
|---|---|---|---|---|---|---|
| 1. | BRM/NCB/WORKS-01/2082/083 (Construction of Kothe Binjel Dhuskot Road) | 1093000 | 5000 | 35000000 | 12:00 Hrs. on 14th September 2025 | 13:00 Hrs. on 14th September 2025 |
| | **Contract ID No. / Description** | **Bid Security Amount (NRs)** | **Bid Fee Amount (NRs)** | **Estimated Amount With VAT and PS** | **Last Date of Bid Submission** | **Bid opening Date** |
| 2. | BRM/NCB/WORKS-02/2082-083 (Construction of Jyamire Deurali Adamara Road) | 450000 | 3000 | 19399957.76 | 12:00 Hrs. on 14th September 2025 | 13:00 Hrs. on 14th September 2025 |
| 3. | BRM/NCB/WORKS-03/2082-083 (Construction of Adheri Mankha Buwase Road ) | 450000 | 3000 | 19424160.77 | 12:00 Hrs. on 14th September 2025 | 13:00 Hrs. on 14th September 2025 |
| 4. | BRM/NCB/WORKS-04/2082-083 (Upgrading of Mankha Buwase Road ) | 450000 | 3000 | 4856601.01 | 12:00 Hrs. on 14th September 2025 | 13:00 Hrs. on 14th September 2025 |

**Chief Administrative Officer**


## कुवेतमा रोजगार

कम्पनी: EXPRESS PALACE CONSUMER DELIVERY COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०४/२७ — चलानी नं.: ६०२४२९२८ — LT. No.: 329110

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 11 | 0 | स. काममा दक्ष | 140 | ६४,१३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ५ गते (21 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AAYUSH OVERSEAS PVT. LTD.**
Govt.Lic.No. 1341/074/075
Bhimsengola-31, Katyayani Chowk, Kathmandu | Tel: 01- 5918559
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np

## बहराइनमा रोजगार

कम्पनी: ALAALI CONTRACTING W.L.L — शहर: Bahrain — पुन विज्ञापन
पूर्व स्वीकृत मितिः २०८२/०२/०२ — चलानी नं.: ६०२३७९२३ — L.T. No.: 323796

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 0 | 22 | स. काममा दक्ष | 100 | ३७,१४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ५ गते (21 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
श्रम इजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०

## कुवेतमा रोजगार

कम्पनी: AL HOMAIZI FOOD STUFF COMPANY W.L.L — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८२/०४/२७ — चलानी नं.: ६०२४२९०५ — L.T. No.: 329024

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
